## सूचना २

श्री ५ को सरकारले भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा १६ को उपदफा (१) को प्रयोजनको लागि देहायबमोजिमको अध्यक्ष र सदस्यहरू भएको मकवानपुर जिल्ला भू तथा जलाधार संरक्षण समिति गठन गरेको छ ।

(क) समितिको गठनविधिः

(१) सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सभापति – अध्यक्ष
(२) सम्बन्धित जिल्लाको महिला संगठनको सभापति – सदस्य
(३) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी – सदस्य
(४) अध्यक्षद्वारा मनोनीत स्थानीय प्रतिष्ठित किसान – सदस्य
(५) सम्बन्धित जिल्लाको कृषि शाखा प्रमुख – सदस्य
(६) सम्बन्धित जिल्लाको स्थानीय विकास अधिकारी – सदस्य
(७) सम्बन्धित जिल्लाको जिल्ला वन नियन्त्रक – सदस्य
(८) सम्बन्धित जिल्लाको पशु विकास शाखा प्रमुख – सदस्य
(९) सम्बन्धित जिल्लाको भू तथा जलाधार संरक्षण अधिकारी – सदस्य-सचिव

(ख) समितिको कार्यावधिः समितिको कार्यावधि पाँच वर्षको हुनेछ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वैदेशिक रोजगार ऐन, २०४२ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा ६ को वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र जारी गर्ने अधिकार आजैका मितिदेखि श्रम विभागका महानिर्देशकलाई प्रत्यायोजन गरेको छ ।

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५४